# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०६।०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय दोलखाका प्रमुख सिनियर डिभिजन ईन्जिनियर प्रकाश अधिकारीले बिभिन्न उपभोक्ता समितिहरु तथा अन्य कम्पनीहरूसंग घुस रकम लिई बा. १ झ ५२८० नम्बरको सरकारी गाडीमा काठमाण्डौ आउँदै गरेको भन्ने सूचनाको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंबाट खटिई गएको टोलीले उक्त नम्बरको सवारी साधनलाई जिल्ला भक्तपुर, जगाती भन्ने स्थानबाट नियन्त्रणमा लिई कानून बमोजिम खानतलासी गर्दा जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय दोलखाका सिनियर डिभिजन ईन्जिनियर प्रकाश अधिकारीको साथबाट रू.१३,३८,५००।-(तेह्र लाख अठतिस हजार पाँच सय) र सोहि गाडीमा रहेका जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय सिन्धुपाल्चोकका ईन्जिनियर भोगेन्द्र साहको साथबाट रू.१,२९,१०५।-(एक लाख उनान्तीस हजार एक सय पाँच) शंकास्पद नगद फेला परेकोले सिनियर डिभिजन ईन्जिनियर प्रकाश अधिकारी, ईन्जिनियर भोगेन्द्र साहलाई नियन्त्रणमा लिएको थियो ।

**अनुसन्धानको क्रममा** जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, सिन्धुपाल्चोकका **ईन्जिनियर भोगेन्द्र प्रसाद साहले** भुक्तानी रकमको करिव १३ प्रतिशतले हुने रु. ५,८५,०००।- को चेक भेषनाथ सापकोटाको नाममा काट्न लगाई उक्त चेक साट्न लगाई उक्त घुस/रिसवत रकम भागबण्डा गरी लिएको।कोईरालाटार सिँचाई आयोजना, कोईरालाटार सिंचाई जल उपभोक्ता समितिका अध्यक्ष रत्न प्रसाद आचार्यसँग सव-ईन्जिनियर सरिता दाहाललाई घुस/रिसवत रकम माग गर्न लगाई निज सरिता दाहालले रत्न प्रसाद आचार्यसँग रु.८५,०००।– माग गरी लिई निश्चल काफ्लेको जिम्मा दिई एक-आपसमा भागबण्डा गरी लिएको । इन्द्रावती बगर करिडोर आयोजनाको कोईरालाटार धुसेनिफाँट तथा बस्ति संरक्षण उपभोक्ता समितिका सचिब बद्रि आचार्य भन्ने समुन्द्र आचार्यसँग सव-ईन्जिनियर सरिता दाहाललाई घुस/रिसवत रकम माग गर्न लगाई निज सरिता दाहालले बद्रि आचार्य भन्ने समुन्द्र आचार्यसँग रु.२९,०००।– माग गरी लिई निश्चल काफ्लेको जिम्मा दिई एक-आपसमा भागबण्डा गरी जम्मा रु.६,९९,०००।- (छ लाख उनान्सय हजार रुपैयाँ) लिई भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि हुन आएकाले उक्त बिगोको आधारमा निज राष्ट्रसेवक कर्मचारी ईन्जिनियर भोगेन्द्र प्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिदाँ निज उपर सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन र सोही दफा ३ को उपदफा (१) बमोजिम बिगो कायम गरी बरामदी रु.१,२९,१०५– (एक लाख उनन्तीस हजार एक सय पाँच रुपैयाँ) जफत गरी बाँकी रु.५,६९,८९५ (पाँच लाख उनान्सत्तरी हजार आठ सय पञ्चानब्बे रुपैंया) निज प्रतिवादीबाट असुल उपर गरी जफत हुन समेत मागदावी लिईएको।

ईन्जिनियर निश्चल काफ्ले, **सव-ईन्जिनियर रोशन बजगाईं, सव-ईन्जिनियर सरिता दहाल** समेतको उपस्थितीमा माझीगाँउ बस्ती संरक्षण कार्य उपभोक्ता समितिका अध्यक्ष नातिकाजी कार्कीलाई भुक्तानी रकमको करिव १३ प्रतिशतले हुने रु. ५,८५,०००।- को चेक भेषनाथ सापकोटाको नाममा काट्न लगाई उक्त चेक साट्न लगाई उक्त घुस/रिसवत रकम भागबण्डा गरी लिएको।कोईरालाटार सिंचाई जलउपभोक्ता समितिका अध्यक्ष रत्न प्रसाद आचार्यसँग निज सरिता दाहालले रु.८५,०००।- र इन्द्रवती बगर करिडोर आयोजनाको कोईरालाटार धुसेनिफाँट

तथा बस्ति संरक्षण उपभोक्ता समितिका सचिब बद्रि आचार्य भन्ने समुन्द्र आचार्यसँग रु.२९,०००।- माग गरी लिई निश्चल काफ्लेको जिम्मा दिई एक-आपसमा भागबण्डा गरी जम्मा रु.६,९९,०००।- (छ लाख उनान्सय हजार रुपैयाँ) लिई भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि हुन आएकाले उक्त बिगोको आधारमा निज राष्ट्रसेवक कर्मचारीहरू ईन्जिनियर निश्चल काफ्ले, **सव-ईन्जिनियर रोशन बजगाईं, सव-ईन्जिनियर सरिता दहालले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिंदा निजहरू निश्चल काफ्ले, **रोशन बजगाईं, सरिता दहाल**लाई जनही विगो रु.६,९९,०००।- (छ लाख उनान्सय हजार रुपैयाँ) सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम घुस रिसवत बापत लिएको रकम निज प्रतिवादीहरूबाट असुलउपर गरी जफत हुनसमेत मागदावी लिनइएको।

साथै जलस्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, सिन्धुपाल्चोकका ईन्जिनियर भोगेन्द्र प्रसाद साह, ईन्जिनियर निश्चल काफ्ले, सव-ईन्जिनियर रोशन बजगाईं र सव-ईन्जिनियर सरिता दहाललाई घुस/रिसवत दिने तथा नेपाल बैंक लि.को चेक साटिदिने माझीगाँउ बस्ती संरक्षण कार्य उपभोक्ता समितिका अध्यक्ष नातिकाजी कार्की, कोईरालाटार सिंचाई जलउपभोक्ता समितिका अध्यक्ष रत्न प्रसाद आचार्य, इन्द्रावती बगर करिडोर आयोजनाको कोईरालाटार धुसेनिफाँट तथा बस्ती संरक्षण उपभोक्ता समितिका अध्यक्ष चिरञ्जिवी आचार्य र सोहि समितिका सचिब बद्रि आचार्य भन्ने समुन्द्र आचार्य र जिल्ला सिन्धुपाल्चोक, चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ४ बस्ने बर्ष २६ का भेषनाथ सापकोटा र ऐ ऐ वतन भई बर्ष २५ का कृष्ण प्रसाद सापकोटाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिम घुस रिसवत दिने कसुर गरेको हुँदा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड बमोजिम सजाय हुने भएतापनि आयोगमा पर्न आएको उजुरी उपरको छानविनको क्रममा यथार्थ विवरण खुलाई अनुसन्धानको कार्यमा आयोगलाई सहयोग गरेको देखिदा निजहरू नातिकाजी कार्की, रत्न प्रसाद आचार्य, चिरञ्जिवी आचार्य र सचिब बद्रि आचार्य भन्ने समुन्द्र आचार्य र भेषनाथ सापकोटा र कृष्ण प्रसाद सापकोटाका हकमा सजायको मागदावी नलिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सरकारी साक्षीको रुपमा प्रस्तुत गरी निजहरुलाई सजायको मागदावीमा पूर्ण छुट दिएको ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**